नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(वातावरण तथा विपद् समन्वय शाखा)

पत्र संख्या : वा.त.वि.व्य.स.शा./०८१/०८२
चलानी नं. : ९२१

इमेलः cdms.mofaga@gmail.com
सिंहदरबार, काठमाडौं।

विक्रम संवत्: २०८१/१०/२८
नेपाल संवतः ११४५ सिल्लाथ्व

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका (सबै)।
श्री गाउँपालिका (सबै)।

विषयः सुख्खा मौसममा आवश्यक सतर्कता अपनाउने सम्बन्धमा।

सुख्खा मौसम तथा बढदो गर्मिका कारण नेपालभर वन डढेलो तथा आगालागीका घटनाहरुमा बृद्धि भईरहेको छ । आगामी दिनमा यसको जोखिम अझ बढ्ने सम्भावना रहेको हुँदा डढेलो / आगालागी नियन्त्रणका लागि संघ तथा प्रदेश सरकारका निकाय एवम् उपलब्ध विकास साझेदार सँगको समन्वयमा स्थानीय विपद् व्यवस्थापन समितिबाट डढेलो एवम् आगालागी नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई लागु गर्नहुन, वन जंगलमा डढेलो तथा आगालागी नियन्त्रणमा खटिदा सुरक्षा सावधानी सहितको तालिम प्राप्त जनशक्ति र उपलब्ध यन्त्र-उपकरण व्यवस्थापन गरी परिचालन गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध छ । वन जंगलमा डढेलो लगाउने जो कोहीलाई कानून अनुसार कारवाही गर्ने गराउने व्यवस्था गर्न मन्त्रालयको मिति २०८१/१०/२८ (सचिवस्तर) निर्णयानुसार अनुरोध छ ।

बोधार्थः
श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरवार,
श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवार ।
श्री सूचना प्रविधि शाखा,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय। (पत्राचारको लागि अनुरोध छ)

१०/२८

(जय राम उप्रेती)
शाखा अधिकृत